**सिम्ता राजपत्र**

# सिम्ता गाउँपालिकाद्वारा प्रकाशित

खण्ड: ६ संख्या:४/५ मिति:२०८०।०४।०४

भाग:२

**सिम्ता गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## सिम्ता गाउँपालिका स्थानीय तह मर्मत सम्भार कोष खाता स्थापना सम्बन्धी निर्देशिका, २०८०

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सिम्ता गाउँपालिकाले स्थानीय सिम्ता गाउँपालिका स्थानीय तह मर्मत सम्भार कोष खाता स्थापना सम्बन्धी निर्देशिका, २०८० जारी गरेको छ ।

# स्थानीय तह मर्मत सम्भार कोष खाता स्थापना सम्बन्धी निर्देशिका, २०८०

स्थानीय तह मार्फत सञ्चालन हुने विविध विषयगत क्षेत्र अन्तर्गतका स्थानीय पूर्वाधार विकास कार्यहरुलाई व्यवस्थित, प्रभावकारी र दीगोरुपमा सञ्चालन गर्न तथा मर्मत सम्भार गर्नुपर्ने आयोजनाहरुलाई वर्गिकृत गरी सो कार्यका लागि आवश्यक पर्ने रकमको खर्च व्यवस्थापन कार्य सहज, सुलभ र पारदर्शी बनाई वित्तिय शुसासन कायम गर्नका लागि स्थानीय तहमा मर्मत सम्भार कोष खाता स्थापना गर्न वाञ्छनिय देखिएकोले सिम्तागाउँपालिकालेस्थानीयसरकारसञ्चालनऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २(छ) ७ र परिच्छेद १५ को दफा १०२ तथा सरकारी कारोबार निर्देशिका, २०७६ को परिच्छेद ४ को अनुच्छेद ४.५ को अधिकार प्रयोग गरी सिम्ता गाउँपालिकालेमर्मतसम्भारकोषखातास्थापनासम्बन्धीनिर्देशिका, २०८० जारी गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम स् स्थानीय तह मर्मत सम्भार कोष खाता स्थापना सम्बन्धी निर्देशिका, २०८० रहेको छ ।

(२) यो "निर्देशिका"तुरुन्तलागुहुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क)**"कोष"**भन्नाले स्थानीय पुर्वाधार मर्मत सम्भार सहयोग कोष सञ्चालन कार्यविधि, २०७९को दफा १३ बमोजिम स्थापना भएको मर्मत सम्भार कोष सम्झनु पर्छ ।

ख)**"खाता"**भन्नाले स्थानीय तह मर्मत सम्भार कोष खाता सम्झनु पर्दछ ।

ग)**"गाउँपालिका"**भन्नाले सिम्ता गाउँपालिकालाईसम्झनुपर्दछ।

घ)**"पूर्वाधार आयोजना"** भन्नाले सिम्ता गाउँपालिका र सो अन्तरगतको वडावाट पूर्ण वा आँशिक लागत साझेदारीमा सञ्चालित स्थानीय पूर्वाधार आयोजना, कार्यक्रम वा परियोजना सम्झनु पर्दछ र सो शब्दले सिम्ता गाउँपालिकावाट सूचिकृत भएको गैर सरकारी संघसस्था र गैर नाफामूलक संस्था वा अन्य सामुदायिक संस्थाहरु एवं विकास साझेदारहरुको सहयोगमा निर्माण सम्पन्न भएका वा हुने स्थानीय पूर्वाधार आयोजनाहरु समेत जनाउँछ ।

ङ) **”मर्मत सम्भार”** भन्नाले निर्माण सम्पन्न भएका वा निर्माणधिन अवस्थामा रहेका स्थानीय पूर्वाधार आयोजनाहरुको मर्मत सम्भार सम्झनु पर्छ ।

च) **“वडा”** भन्नाले गाउँ/नगरपालिकाको वडा सम्झनु पर्छ (स्थानिय सरकार संचालन ऐन, २०७४, परिच्छेद२, दफा– ५ को उप– दफा १ र २ अनुसारका वडा) ।

**३. खाता सञ्चालन तथा व्यवस्थापन गर्नुपर्नेः** (१) स्थानीय तह मर्मत सम्भार कोष अन्तर्गत प्राप्त हुन आएका रकमहरुको प्रयोग, परिचालन र खर्च हेतु सरकारी कारोवार गर्ने बैंकमा स्थानीय तह मर्मत सम्भार कोष खाता सञ्चालन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २– छ– ७ र परिच्छेद १५ को दफा १०२ तथा सरकारी कारोबार निर्देशिका, २०७६ को परिच्छेद ४ को अनुच्छेद ४.५ मा व्यवस्था भए बमोजिम गरिने छ । तर यस्तो प्रकारका खाता संचालनका लागि कोष तथा लेखा नियन्त्रण कार्यालयले स्थानीय तहको परिषद्को निर्णय र महालेखा नियन्त्रण कार्यालयको स्विकृतीका आधारमा संचालन गर्न सहयोग गर्नेछ ।

स्पष्टिकरणः यसरी स्थापना भएको कोष खाता भविष्यमा कुनै कारणबस खारेजी गर्नुपर्ने वा आवश्यकता नभएको खण्डमा स्थानीय तहको परिषद्को निर्णयमा कोष तथा लेखा नियन्त्रण कार्यालयले उक्त खाता बन्द गरि सो खातामा रहेको रकम ग– ४.१ स्थानीय तह संचित कोष खातामा ट्रान्सफर गरेको हुनु पर्नेछ ।

(२) उपदफा (१) अनुसार खोलिएको खाता प्रमुख प्रशासकिय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) कोषमा विभिन्न श्रोतहरुबाट प्राप्त हुन आएका रकमहरु यस खातामा दाखिला गरि खर्च लेख्नु पर्नेछ । विभिन्न श्रोतहरु भन्नाले स्थानीय पूर्वाधार मर्मत सम्भार कार्यका लागि संघीय सरकार, प्रदेश सरकार, अन्तराष्ट्रिय संघ संस्था, दातृ निकाय आदिबाट प्राप्त रकम सम्झिनु पर्नेछ ।

(४) यो खाता स्थानीय तहले स्थानीय पूर्वाधार आयोजना मर्मत सम्भार कार्यका लागि स्थानीय कानुन अनुसार बजेट व्यवस्था गरी रकम जम्मा तथा खर्च गर्न सक्नेछ ।

(५) यस खातालाई कार्यसञ्चालन स्तरको खाताको रुपमा प्रयोग गर्न सकिने छ ।

(६) स्थानीय पुर्वाधार मर्मत सम्भार सहयोग कोष सञ्चालन कार्यविधि, २०७९ मा निर्दिष्ट व्यवस्था अनुसार यस खाताबाट खर्च भएको रकम आगामी आर्थिक वर्षको बजेटमा व्यवस्था गरी यथाशिघ्र सोधभर्ना गर्नुपर्नेछ ।

(७) कोष सचांलनार्थ गाउँपालिकाले "मर्मतसम्भारकोषसचांलनकार्यबिधि"तयारगरीप्रयोगमाल्याउनेछ।

**४. खाताको रकम खर्च नहुने:** (१) मर्मत सम्भार कोष प्रयोजनका लागि प्राप्त भई यस खातामा जम्मा भएको रकम देहायका क्षेत्रमा बाहेक अन्य शिर्षकमा खर्च गर्न पाइने छैन् ।

(क) वडास्तरबाट मर्मत सम्भार कार्यका लागि विषयगत क्षेत्र अनुसार समुहिकृत भई आएका प्राथमिकता प्राप्त स्थानीय पूर्वाधार विकासका आयोजनाहरुको मर्मत सम्भार गर्न ।

(ख) मर्मत सम्भार कोष सचांलन कार्यबिधिले तोकेको बाहेक अन्य क्षेत्रमा ।

ग) माथि जुनसुकै कुरा लेखिएको भएतापनि स्थानीय तहले सम्पन्न गरेका आयोजनाहरुको दिगो व्यवस्थापन तथा सञ्चालनका लागि स्थानीय स्तरमा गठित आयोजनागत मर्मत सम्भार समितिको नाममा स्थानीय तहले तोकेको बैंकमा खोलिएको खातामा पहिलो पटकका लागि सम्बन्धित आयोजनाको मर्मत सम्भार प्रयोजनका लागि स्थानीय तहको निर्णय अनुसार खर्च लेख्न कुनै बाधा मानिने छैन् ।

५) बाधा अडकाउ फुकाउन सक्ने: यस निर्देशिकाको कार्यान्वयनको क्रममा कुनै वाधा अड्काउ आएमा गाउँ/नगरपालिका कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

६) यस निर्देशिकामा भएका प्रावधानहरु प्रचलित कानुनी व्यवस्थासँग बाझिएको हद सम्म स्वतः अमान्य भएको हुनेछ ।

आज्ञाले,

भलाराम पंगाली

प्रमुख प्रशासकीय अधिकृत